# CCS ELEVATE

## MOLER ELEMENTARY

नवेम्बर २०२३ मा कलम्बस सिटी स्कूल्सले आफ्ना सुविधाहरूको स्तरवृद्धि गर्ने र उनि हरूको पदचिह्न कम गर्ने वाचा गर्दै १०० मिलियन डलर ($१०० मिलियन) लेवी पारित गर्न कलम्बसका मतदाताहरूको अत्याधिक समर्थनकालागि धन्यवाद। यस लेवी सङ्कलनको लक्ष्य भनेको सबै विद्यार्थीहरूकालागि उच्च गुणस्तरको शिक्षा प्रदान गर्ने जिल्लाको मिशनलाई समर्थन गर्नु हो। बोर्ड नीति ७१०५ अनुसार, सुपरिटेन्डेन्टले फेब्रुअरी  २०२४ को शुरुमा डिस्ट्रक्टका सुविधाहरूको पुनर्संरचनाको मूल्याङ्कन गर्न सामुदायिक सुविधा कार्यदल गठन गर्यो। सो कार्यदल विविध पृष्ठभूमि र अनुभव भएका व्यक्तिहरूको बन्छ।




यस कार्यदलले मंगलबार, मेई ७ तारिकका दिन शिक्षा बोर्डलाई प्रारम्भिक सिफारिसहरू प्रस्तुत गर्‍यो। यी सिफारिसहरू भवनहरूमा ग्रेड ब्यान्डको मानकीकरण, शैक्षिक र अतिरिक्त क्रियाकलापहरूमा पहुँच बढाउन, परिवार र विद्यार्थीहरूलाई समान सेवाहरू प्रदान गर्न र पहिले करदाताहरूको लगानीलाई सम्मान गर्न केन्द्रित थिए। यसको लक्ष्य भनेको प्रारम्भिक सिफारिसहरूमा समुदायको दृष्टिकोणलाई अझ राम्रोसँग बुझ्नु र खुला सम्वादको माध्यमबाट सहयोग बढाउनु हो। यसले डिस्ट्रिक्टको मिशनसँग सुविधाहरूको मास्टर प्लानलाई पङ्क्तिबद्ध गर्न र कलम्बस सिटी स्कूल्सको बुझाइ बढाउन मद्दत गर्नेछ।




यस सुपरिटेन्डेन्टको सामुदायिक सुविधा टास्क फोर्सले शिक्षा बोर्डलाई मोलर एलिमेन्ट्री स्कूल बन्द गर्न सिफारिस गर्छ र अब यो **मोलर एलिमेन्ट्री स्कूल (Moler Elementary School),** लिंकन पार्क र लिभिङ्स्टन एलिमेन्ट्री स्कूल समुदायहरूको एउटा हिस्सा हुनेछ।

**मोलर एलिमेन्ट्री स्कूल (१९६७)** ले ४७५ जना विद्यार्थीहरूलाई सेवा दिन सक्छ; यद्यपि, २०२३-२०२४ स्कूल वर्षमा केवल २९८ जना विद्यार्थीहरू भर्ना भएका छन् जसको वर्तमान उपयोग दर ६०% हुन आउँछ।

मोलर स्कूल शहरको दक्षिणी भागमा अवस्थित छ। सुविधाहरूको मास्टर प्लान कार्यको क्रममा प्रत्येक छिमेकी विद्यालय - लिंकन पार्क र लिभिङ्स्टन -ले २१औं शताब्दीको भवन अद्यावधिकहरू प्राप्त गरे। मोलरका विद्यार्थीहरूलाई यी दुई विद्यालयहरूमा सार्दा प्राथमिक (पृ-केदेखि कक्षा ५ सम्म) र माध्यमिक विद्यालयका विद्यार्थीहरू (कक्षा ६ देखि ८ सम्म) कालागि ग्रेड ब्यान्डलाई मानकीकरण गरिनेछ। छैठौं-कक्षाका विद्यार्थीहरूले साउत हाई स्कूल कक्षा ६ देखि १२ सम्ममा ट्रान्जिसन (सर्ने) हुनेछन् र उनीहरूलाई त्यहाँ परम्परागत माध्यमिक विद्यालय अनुभव र थप शिक्षण समय प्रदान गरिन्छ।


The Columbus City School District does not discriminate based upon sex, race, color, national origin, religion, age, disability, sexual orientation, gender identity/expression, ancestry, familial status or military status with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities.


COLUMBUS CITY SCHOOLS